आज मिति २०८१/१०/०६ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |
| अन्य उपस्थिति | | | |
| १ | | नगर शिक्षा अधिकारी | श्री धन प्रसाद पोखरेल |
| २ | | | श्री [illegible] पन्त |
| ३ | | | श्री शान्ती देवी शर्मा पौडेल |
| ४ | | | श्री [illegible] |

व्यवस्थापनको कार्य बाँकी रहेको हुँदा मिति २०८१ माघ मसान्त सम्मको लागि एक महिना बालमैत्री वडा सहजकर्ताहरुको करार म्याद थप गर्ने निर्णय गरियो ।

निणर्य नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सम्पूर्ण हिन्दु धर्मालम्वीहरु विशेष गरी भारतिय धर्मालम्वीहरुको आस्थाको केन्द्र र मुक्तिनाथ धाम जाने द्धारको रुपमा रहेको यस नगरपालिका वडा नं. १ स्थित प्रसिद्ध कालिका भगवती मन्दीर यस क्षेत्रको मात्र नभै गण्डकी प्रदेशको प्रमुख धार्मिक तिर्थस्थल, हिन्दुधर्मालम्वीहरुको आस्था र धरोहरको केन्द्रको रुपमा रहेको हुँदा यस शक्तिपिठलाई थप व्यवस्थित गर्न, प्रचार प्रशार गर्न र मन्दीरको विकासको लागि दिगो आयश्रोत संकलन गर्न कालिका भगवती गुठीको स्वामित्वमा रहेको **यस** नगरपालिका वडा नं. ३ स्थित कि.नं. ३१४ र ३१५ को जग्गामा कालिका **बहुउदेश्यीय धर्मशाला** निर्माण गर्नको लागि आवश्यक वजेट व्यवस्थापन गरिदिन भारतीय राजदुतावासलाई अनुरोध गर्ने निर्णय गरियो ।

निणर्य नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको कार्यालय, बागलुङमा पेश हुन आएका आर्थिक सहायताको निवेदन सम्वन्धमा देहाय बमोजिम हुने गरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| सि.नं | माग गर्ने सस्थाको नाम | रकम रु | प्रयोजन |
|---|---|---|---|
| १. | बागलुङ नगर खेलकुद विकास समिति, बागलुङ । | १५०,०००। | खुल्ला महिला भलिबल प्रतियोगितामा बागलुङ नगरपालिकाको तर्फबाट सहभागिता जनाउने कार्यका लागि । |
| २. | नेपाल भाषा मंका: खल | ४०,०००। | सांस्कृतिक आदान प्रदान कार्यक्रम । |
| ३. | नेपाल रेडक्रस सोशाईटी बा.न.पा. ३, उपशाखा | २०,०००। | विपद जन्य समयमा उद्धार तथा राहत विषयमा प्रशिक्षण दिने कार्यक्रम । |

CamScanner

निणर्य नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कार्यालय र नेपाल विद्युत प्राधिकरणको लागत साझेदारीमा यस नगरपालिकाका विभिन्न स्थानहरुमा स्मार्ट सडक बत्ती जडान गर्ने कार्यका लागि मिति २०८०/०३/१८ मा गरिएको सम्झौता बमोजिम नगरपालिकाले व्यहोर्नुपर्ने ६५ प्रतिशत रकम मध्ये यस अघि रु ११,९६,७६२।- पठाईसकिएको र सम्झौताको बुदा नं. १ अनुसार बाँकी रकम रु ११,९६,७६२।- (अक्षेरुपी एघार लाख छयानब्बे हजार सात सय बैसट्ठी रुपैया मात्र) चालु आ.व.को आकश्मीक योजना शिर्षकबाट नेपाल विद्युत प्राधिकरणको घरौटी खातामा जम्मा गरी स्मार्ट सडक बत्ती जडानको कार्य अगाडि बढाउने निर्णय गरियो ।

निणर्य नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०८१ माघ ९ गते बा.न.पा. वडा नं. २ स्थित धौलागिरी क्याम्पस प्राङ्गणमा हुन गईरहेको बालमैत्री नगर घोषणा कार्यक्रम सु-सम्पन्न गर्नको लागि बालमैत्री नगर घोषणा कार्यक्रमको खर्च प्रस्ताव २०८१ मा उल्लेख भएका देहाय बमोजिमको खर्च प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| सि न | विवरण | जम्मा |
|---|---|---|
| १ | कार्यक्रममा सहभागिका लागि खाजा व्यवस्थापन | ३,७०,०४८। |
| २ | कार्यक्रममा सहभागिका लागि पानी व्यवस्थापन (वालमैत्री लोगो सहितको) | १,३४,६३९। |
| ३ | मंच निर्माण तथा तयारी ,स्टल समेत | १,६०,०००। |
| ४ | कार्यक्रममा साउण्ड सिस्टम | ८०,०००। |
| ५ | कार्यक्रममा सहभागिताका लागि यातायात सेवा खर्च (बस सेवा संचालन) | ३०४,०००। |
| ६ | कार्यक्रमका लागि ब्यानर ,ब्याज ,विभिन्न झण्डा व्यवस्थापन | १५०,०००। |
| ७ | कार्यक्रममा वेलुन व्यवस्थापन | २०,०००। |
| ८ | वालमैत्री स्थानीय शासनयुक्त वागलुङ नगरपालिका लेखेका गमला सहित स्वामिका विरुवा खरिद तथा व्यवस्थापन | २५,०००। |
| ९ | मायाँको चिनो , कदरपत्र , सम्मानपत्र तथा प्रोत्साहन | ५,००,०००। |
| १० | स्वागत गेट ब्यानर सहित | ४५,०००। |
| ११ | कार्यक्रममा भिडियो तथा फोटो | १००,०००। |

CamScanner

| | | |
|---|---|---|
| १२ | खानेपानीको बोत्तलमा लगाउने स्टकिर (बालमैत्री स्टीकर) | ६४,०००। |
| १३ | मंच भाडा व्यवस्थापन तथा कार्यक्रम तयारी खर्च । | ४०,०००। |
| १४ | कार्यक्रममा पाल्नु हुने अतिथी पाहुना ,सहभागिका लागि अथिती सत्कार वापत विविध खाजा खाना तथा कोठा र कार्यक्रम तयारी, पिटि प्रर्दशन गर्ने विद्यार्थीका लागि खाजा नास्ता | ५,००,०००। |
| १५ | प्रमुख अतिथि, विशिष्ट अतिथि लगाएतका लागि खाना, खाजा तथा विविध खर्च | ८०,०००। |
| १६ | यातायात सेवा जिप संचालन | १३५,०००। |
| १७ | मंच व्यवस्थापन अन्तर्गत फूल माला खादा खरिद | ६०,०००। |
| १८ | अन्य विविध भैपरी आउने खर्च | १००,०००। |
| | कुल जम्मा | २,८६७,६८७। |

निणर्य नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको १५ औं नगरसभावाट लैङ्गिक हिंसा, द्वन्द पिडित, एकल महिलाका लागि सीप तथा उत्पादनमुलक कार्यक्रम शिर्षकमा विनियोजन भएको बजेट रकम रु. १५,००,०००।- (अक्षेरुपी पन्ध्र लाख रुपैयाँ मात्र) बाट देहाय बमोजिमको शिर्षकमा देहाय बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

(क) क्रिश्टल र पोतेका सामाग्री उत्पादन सम्वन्धि तालिम कार्यक्रम रु ४९९,६००.००।-

(ख) मनोसामाजिक मनोविमर्शकर्ता तालिम संचालनको लागि रु ४९९,९००.००।-

निणर्य नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको व्यवस्थापन परिक्षण प्रतिवेदन २०८१ माथि छलफल भै उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । साथै प्रतिवेदनले कार्यलय व्यवस्थापनको विषयमा औलाए बमोजिम कार्यान्वयन गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

CamScanner